जिल्ला विपद् व्यवस्थापन समिति बैठक : २०८३।०१।२४

निर्णयहरु:

१. जिल्ला विपद् व्यवस्थापन समितिको यस अघिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा एवम् विश्लेषण गरियो।

२. विपद् र विपद् व्यवस्थापन सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, हुम्लाका प्रहरी नायब उपरीक्षक
श्री शंकर खडकाज्यूबाट प्रस्तुतिकरण भई समसामयिक विषयमा छलफल गरियो।

३. वर्षात एवं मनसुनको समयमा कर्णाली कोरीडोरमा हुने आवागमनलाई निर्बाध रुपमा सुचारु गर्ने
र सोको लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापन गर्नको लागि हिल्सा सिमकोट सडक
आयोजनालाई अनुरोध गर्ने।

४. यस वर्षको पूर्वसनसुन सुरुभए सँगै यो समयमा अविरल बर्षा, बाढी, पहिरो चट्याङ आउन सक्ने
र यसबाट ठुलो संख्यामा जनधनको क्षति समेत हुन सक्ने सम्भावना रहने हुँदा सकेसम्म अविरल
वर्षा, बाढी, पहिरो चट्याङ जस्ता घटनाबाट हुन सक्ने जोखिम न्यूनीकरण गर्ने र यस्ता घटना
भइहालेमा यसबाट जनधनको क्षति हुन नदिन र घटनाबाट प्रभावितहरुको खोज, उद्धार तथा
राहत लगायतका विपद् जन्य व्यवस्थापकिय कार्यलाई प्रभावकारी बनाउन सचेतना जगाउनका
लागि सरोकारवालाहरुसँगको समन्वय तथा सहकार्यमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी
बल नेपाल र नेपाल रेडक्रस सोसाइटी हुम्लाका जिल्लास्थित कार्यालयहरुको संयुक्त आयोजनामा
तथा अन्य सबै सरोकारवालाहरु समेतको सहभागितामा बाढी र पहिरोका घटनामा आधारित
कृतिम घटना अभ्यास (सिमुलेसन) को कार्य यही जेठ दोस्रो हप्ता सिमकोट गाउँपालिका क्षेत्रमा
संचालन गर्ने।

५. नाम्खा गाउँपालिकास्थित लाप्चा उपत्यकामा जाँदा बाटोमा पर्ने न्यालुलेकमा जमेको बाक्लो हिउँ
पञ्छ्याउने र सोको लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापन गर्नको लागि पूर्वाधार
विकास कार्यालय र नाम्खा गाउँपालिकालाई अनुरोध गर्ने।

६. हाल जिल्लामा पूर्वमनसुनको समय चलिरहेको हुँदा मनसुनको समयमा हावाहुरी, चट्याङ्ग, भारी
वर्षात्, बाढी, पहिरो आउन सक्ने र त्यसबाट राजमार्ग तथा अन्य सडक अवरुद्ध भई सार्वजनिक
आवागमन समेत अवरुद्ध हुनसक्ने सम्भावना रहने भएकोले प्राकृतिक विपद्का कारण खच्चा
सडक खण्ड लगायतका क्षेत्रहरुमा अवरुद्ध हुनजाने राजमार्ग तथा सडकलाई तत्कालै खुलाई
सार्वजनिक यातायात तथा आवागमनलाई सुचारु राख्न यससँग सम्बद्ध स्थानीय तहहरु, कर्णाली
करिडोर उत्तर खण्ड हिल्सा सिमकोट सडक योजना कार्यालय, कर्णाली कोरिडोर दक्षिण खण्ड
(खुलालु - सल्ली सल्ला) कोल्टी, बाजुरा, पूर्वाधार विकास कार्यालय, ट्राफिक प्रहरी कार्यालय,
जिल्लास्थित सुरक्षा निकायहरु लगायतका सम्पूर्ण कार्यालय एवम् संघसंस्थाहरुले आफूसँग भएका

जनशक्ति तथा ठूला उपकरण (Heavy Equipment) हरुलाई आवश्यक परेको बखत तत्काल परिचालन गर्न सक्ने गरी चालु, दुरुस्त एवम् तम्तयारीको अवस्थामा राख्ने।

७. विपद् जोखिम न्यूनीकरणको कार्यलाई प्रभावकारी बनाउन जोखिमको नक्साङ्कन, सुरक्षित वासस्थान निर्माण, पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ, पुनर्स्थापनाका कार्यहरुमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिहरुले समन्वयात्मक रुपमा कार्य गर्ने उल्लेख भइआए बमोजिम उक्त निर्णय कार्यान्वयनका लागि जिल्लास्थित सरोकारवाला सबैले आ-आफ्नो भूमिकालाई थप प्रभावकारी बनाउने।

८. जिल्लास्थित मानविय सहायताको क्षेत्रमा क्रियाशिल संघ संस्था र सरोकारवाला निकायहरुले सम्भावित प्रकोपबाट प्रभावित हुनसक्ने घरपरिवारको आँकलन गरी खाद्य तथा गैर खाद्य राहत एवं उद्धार सामाग्रीहरु भण्डारण एवं पूर्वतयारी अवस्थामा राख्ने।

९. जिल्ला समन्वय समितिको कार्यालय सिमकोट हुम्लाको च.नं. ८३, मिति २०८२।१२।०६ गतेको Self Life समाप्त भएका (बेसाबुत) विष्फोटक पदार्थहरुको व्यवस्थापन सम्बन्धको प्राप्त पत्रानुसार श्री शत्रु भञ्जन गुल्म रानीवन व्यारेकको प.सं. १४८६४।कार्य।२२। ०८२।०८३। २४ मिति २०८२।१२।०२ गतेको पत्रबाट लेखि आएकोमा विगतको जिल्ला समन्वय समितिको कार्यालय हुम्ला (तत्कालिन जिल्ला विकास समिति) को नाममा रहि रानीवन व्यारेकमा भण्डारण गरिएको सेल्फ लाईफ समाप्त भएका निम्नलिखित बेसाबुत विष्फोटक पदार्थहरु नष्ट गर्न जिल्ला सुरक्षा समितिको मिति २०८२ चैत्र ८ गतेको बैठकबाट आवश्यक निर्णय भएकोमा प्राविधिक प्रतिवेदनको आधारमा सो बिसाबुत विष्फोटक पदार्थले विपद्जन्य घटना निम्त्याउन सक्ने हुँदा समयमै त्रुटी रहित ढंगले व्यवस्थापन गर्न जिल्लास्थित स्थानीय तहहरु र पूर्वाधार विकाससँग सम्वन्धित कार्यालयहरुलाई आर्थिक स्रोतको लागि अनुरोध गर्ने।